फोन नं.. 066-590678

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय

लमजुङ्ग

प.स. २०८१/०८२

महिलाहरुको लागि निशुल्क लोकसेवा तयारी कक्षा संचालन सम्वन्धी सूचना।
तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/२१

यस सामाजिक विकास कार्यालयको आर्थिक वर्ष २०८१/०८२ वार्षिक स्वीकृत कार्यक्रम वमोजिम अप्राविधिक तर्फको सहायकस्तर चौथो तह (खरिदार) सरह महिलाहरुको लागि २० दिने निशुल्क लोकसेवा तयारी कक्षा संचालन गर्ने कार्यक्रम रहेकोले महिला वालवालिका र समाज कल्याण सम्वन्धी कार्यक्रम तथा वजेट कार्यान्वयन मापदण्ड, २०८१ वमोजिम प्रथम र दोश्रो पटक प्रकाशित सूचनाबाट प्रर्याप्त आवेदन संकलन नभएकोले इच्छुक योग्य व्यक्तिहरुले तेस्रो पटक आवेदन खुलेको मिति २०८१/०८/२१ गते देखि २०८१/०८/२७ गते कार्यालय खुल्ने समय कार्यालयले तोकेको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरी रिटपूर्वकको निवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

- आ.व. २०८१/०८२ महिला वालवालिका र समाज कल्याण सम्वन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८१ को अनुसूची-३ वमोजिमको ढाँचाको आवेदन फाराम,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- लोकसेवा आयोगले निर्धारण गरे वमोजिमको मान्यता प्राप्त शिक्षण संस्थावाट SLC/SEE वा सो सरह वा सो भन्दा माथिल्लो तहको चारिरिक प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रतिलिपि,
- समावेशी समूहको लागि आफ्नो समूह प्रमाणीत हुने कागजात,
- निवेदनको ढाँचा कार्यालयको वेभसाइट www.sdolamjung.gandaki.gov.np वाट समेत डाउनलोड गर्न सक्नु हुनेछ।
- रित नपुगी र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु दर्ता गरिने छैन

पुनश्चः थप जानकारीको लागि सामाजिक विकास कार्यालय,लमजुङको फोन नं. ९८५६०४५५३४, ९८५६०७४६७८, ०६६-५९०६७८ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

मिता कुमारी थापा
कार्यालय प्रमुख

Scanned with CamScanner